# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख २३ गते २०४८ साल (संख्या ४


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोग-लाई डेनमार्क सरकारको तर्फबाट अनुदानस्वरूप प्राप्त हुने यु. एस. डलर २३५० मूल्यको ५ थान BARU AT 400 12v-400w Inventers मा लाग्ने भन्सार महशूल एवं बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ४१ ले दिएको अधिकार प्रयोग गरी ओखलढुङ्गा र लमजुङ जिल्लाका मालपोत कार्यालयका अधिकृतलाई सम्बन्धित जिल्लाको भूमिसुधार अधिकारीको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न पाउने गरी तोकेको छ ।

आज्ञाले,
विश्वमान श्रेष्ठ
श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को नियम ३ र नियम ४ को प्रतिवन्धात्मक वाक्यांशले दिएको अधिकार प्रयोग गरी श्री ५ सरकारले देहायबमोजिको आदेश जारी गरेको छ।

१. श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को अनुसूची १ को क्रमसंख्या ६ र अनुसूचि २ को शीर्षक नं. ६ मा रहेको कानून तथा न्याय मन्त्रालय भन्ने शब्दहरू झिकी सोको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" (Ministry of Law, Justice and parliamentary Affairs) भन्ने शब्दहरू राखिएका छन्।

२. श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को अनुसूची २ को शीर्षक नं. १ को क्रमसंख्या ८ झिकीएको छ।

३. श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ को अनुसूची २ को शीर्षक नं. ६ को क्रमसंख्या २१ पछि देहायको क्रमसंख्या २२ थपिएको छ।
२२ संसद सम्बन्धी

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

992

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।१।२ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालयका सचिव श्री नरसिंहनारायण सिंहलाई उद्योग मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना २

अर्थ मन्त्रालयका का.मु. सचिव श्री शशिनारायण शाह क्यानाडाको भ्याकुभरमा सन्चालन हुने एशियाली विकास बैंकको बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्कि हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४८।१।८ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ निजी अन्तर्राष्ट्रिय कानूनसम्बन्धी बैठकमा भाग लिन हेगतर्फ जानुभएकोले उहाँ फर्कि हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा. गजेन्द्रमणि प्रधानलाई मिति २०४८।१।७ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

जलस्रोत मन्त्रालयका का.मु. सचिव श्री भुबनेशकुमार प्रधान नेपाल-भारत जलस्रोतको बहुपक्षीय उपयोग सम्बन्धमा भएको बैठकमा भाग लिन नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विष्णुगोपाल रिसाललाई मिति २०४८।१।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

जलस्रोत मन्त्रालयका का.मु. सचिव श्री भवनेशकुमार प्रधान विश्व बैंकको प्रधान कार्यालयमा विद्युत् दक्ष योजनाको लागि ऋण वार्ता गर्न वाशिंगटनतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विष्णुगोपाल रिसाललाई मिति २०४८।१।१३ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

श्री ५ को सरकारले मिति २०४८।१।२ को निर्णय अनुसार लोक सेवा आयोगका तत्कालिन सचिव श्री राधारमण उपाध्याय मिति २०४७।१०।२८ देखि अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्त पदमा नियुक्त हुनु भई श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदबाट दिनुभएको राजीनामा मिति २०४७।१०।२८ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११४